# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, असोज २९ गते २०५८ साल (संख्या २६

## भाग ३

### श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोश्रो संशोधन) नियमहरु,२०५८

नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु वनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "नेपाल प्रशासन सेवा गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोश्रो संशोधन) नियमहरु, २०५८" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० को नियम ७ मा संशोधन: नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० (यसपछि "मूल नियम" भनिएको) को नियम ७ मा रहेको "सम्बन्धित" भन्ने शव्द पछि "सेवा वा" भन्ने शव्दहरु थपिएका छन् ।

३. मूल नियमको अनुसूची ४ मा संशोधन: मूल नियमको अनुसूची-४ को सट्टा देहायको अनुसूची -४ राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ४
(नियम ७ सँग सम्बन्धित)
सेवा प्रवेशको लागि चाहिने न्यूनत्तम योग्यता

(क) नेपाल प्रशासन सेवाको लागि

| क्र.सं. | पद | न्यूनत्तम योग्यता |
|---|---|---|
| १ | राजपत्राङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट कला (आर्टस), संस्कृत, व्यवस्थापन, वाणिज्य शास्त्र, व्यापार प्रशासन, जन प्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर गरी नियमावलीको नियम १५ को उपनियम (२) वमोजिमको अनुभव प्राप्त । |

(ख) सामान्य प्रशासन समूहको लागि

| क्र.सं. | पद | न्यूनत्तम योग्यता |
|---|---|---|
| १ | राजपत्राङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट कला (आर्टस), संस्कृत, व्यवस्थापन, वाणिज्य शास्त्र, व्यापार प्रशासन, जन प्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर गरी नियमावलीको नियम १५ को उपनियम (२) वमोजिमको अनुभव प्राप्त । |
| २ | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ३ | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| ४ | राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण । |
| ५ | राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट दशौं कक्षा वा सो सरह उत्तीर्ण । |
| ६ | राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट आठौं कक्षा वा सो सरह उत्तीर्ण । |
| ७ | श्रेणी विहीन पदहरुको लागि | |
| | क) हेभि सवारी चालक | हेभी सवारी चालकको अनुमति पत्र (लाइसेन्स) प्राप्त । |
| | ख) हलुका सवारी चालक | हलुका सवारी चालकको अनुमति पत्र (लाइसेन्स) प्राप्त । |
| | ग) परिचर वा सो सरह | साधारण लेखपढ गर्न जान्ने । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
366

(ग) लेखा समूहको लागि

| क.सं. | पद | न्यूनत्तम योग्यता |
|---|---|---|
| १ | राजपत्राङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र, व्यापार प्रशासन, अर्थ शास्त्र, गणित, तथ्यांक शास्त्र वा जन प्रशासनमा स्नातकोत्तर गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |
| २ | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थ शास्त्र, गणित, तथ्यांक शास्त्र वा जन प्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ३ | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वा वाणिज्य शास्त्रमा प्रविणता प्रमाण पत्र तह वा अर्थ शास्त्र, गणित, तथ्यांक शास्त्र वा जन प्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| ४ | राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन श्रेस्ता वा ऐच्छिक लेखा विषय लिई प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण । |
| ५ | राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन श्रेस्ता वा ऐच्छिक लेखा विषय लिई दशौं कक्षा वा सो सरह उत्तीर्ण । |

(घ) राजश्व समूहको लागि

| क.सं. | पद | न्यूनत्तम योग्यता |
|---|---|---|
| १ | राजपत्राङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र, व्यापार प्रशासन, कानून, अर्थशास्त्र, जन प्रशासन, गणित वा तथ्यांक शास्त्रमा स्नातकोत्तर गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |
| २ | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ३ | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा कानूनमा प्रविणता प्रमाण पत्र तह वा अर्थशास्त्र, जन प्रशासन, गणित वा तथ्यांक शास्त्र मध्ये कुनै एक मूल विषय लिई प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

365

| | | |
|---|---|---|
| ४ | राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण । |
| ५ | राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट दशौं कक्षा वा सो सरह उत्तीर्ण । |
| ६ | राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट आठौं कक्षा वा सो सरह उत्तीर्ण । |

(ङ) हुलाक समूहको लागि

| क.सं. | पद | न्यूनत्तम योग्यता |
|---|---|---|
| १ | राजपत्राङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट हुलाक सम्वन्धी विषय, विज्ञान, कला (आर्टस), संस्कृत, व्यवस्थापन, वाणिज्य शास्त्र, व्यापार प्रशासन, जन प्रशासन, शिक्षा शास्त्र वा कानूनमा स्नातकोत्तर गरी नियमावलीको नियम १५ को उपनियम (२) वमोजिमको अनुभव प्राप्त । |
| २ | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ३ | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट अंग्रेजी (अनिवार्य वा ऐच्छिक) विषय सहित प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| ४ | राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट अंग्रेजी (अनिवार्य वा ऐच्छिक) विषय सहित प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण । |
| ५ | राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट अंग्रेजी विषय सहित दशौं कक्षा वा सो सरह उत्तीर्ण । |
| ६ | राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट अंग्रेजी विषय सहित आठौं कक्षा वा सो सरह उत्तीर्ण । |

स्पष्टीकरण: यस अनुसूचीको प्रयोजनको लागि "मान्यता प्राप्त शिक्षण संस्था" भन्नाले लोकसेवा आयोगवाट मान्यता प्राप्त शिक्षण संस्था सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

३८०

सूचना २

श्री ५ को सरकारले कूटनैतिक समूह (श्रेणी विभाजन, नियुक्ति र सरुवा) नियमहरु, २०५० को नियम १६ ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरुको अनुसूची - ३ को क्रम संख्या २ को सट्टा देहाय वमोजिमको क्रम संख्या २ राखी हेरफेर गरेकोछ :-

| | | |
|---|---|---|
| "२. | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातक तह वा सो सरह उत्तीर्ण ।" |

आज्ञाले,
मुकुन्दप्रसाद अर्ज्याल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरवार

# भाग ३

## श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा २७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका भन्सार एजेण्टहरुका इजाजतपत्र रद्द गरेको हुँदा यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | इजाजत पत्र नं. | फर्म वा व्यक्तिको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | ३६६ | राजेश इण्टरप्राईजेज | जि.सप्तरी कंचनपुर - ६ | |
| २ | ६९ | शारदा क्यारियर्स | विराटनगर - १७ | |
| ३ | ६८ | जे.के. सिटी सर्भिस | विराटनगर -१३ | |
| ४ | ५१ | प्रमोद इम्पेक्स | वीरगञ्ज -१३ | |
| ५ | ४ | ओली बहुमुखी ट्रेडर्स | महारानी झोरा - ५ झापा | |
| ६ | ४४५ | सिद्धदेवी सूर्य क्लियरिङ्ग एण्ड फर्वार्डिङ्ग | विराटनगर- ५ | |
| ७ | ४५४ | मुक्तिदिप सप्लायर्स एण्ड सर्भिसेज प्रा.लि. | काठमाडौं- ३१ | |
| ८ | १५६ | सुदिप सिग्देल | काठमाडौं- धापासी -९ | |
| ९ | ४८३ | भन्सार एजेन्ट | ललितपुर सानेपा - २ | |
| १० | ११४ | भरटेक्स एयर कार्गो | काठमाडौं - ठमेल | |
| ११ | १११ | श्रेष्ठ क्लियरिङ्ग एजेन्सी | वीरगञ्ज गोश्वारा रोड-१२ | |
| १२ | १३२ | सुरज कन्स्ट्रक्शन | दार्चुला -६ | |
| १३ | ११० | रानाका क्लियरिङ्ग एण्ड फरवाडिङ्ग सर्भिस | वीरगञ्ज विर्ताबजार-५ | |
| १४ | १६३ | नैना पायल इन्टरनेशनल | काठमाडौं मखनटोल-६/६२५ | |
| १५ | १६८ | नवराज पाण्डे | दार्चुला -६ | |
| १६ | २३२ | नेपाल ओभरसिज इम्पोर्टस | काठमाडौं दुगम्वहील १०/२१९ | |
| १७ | २४१ | युनिक गार्मेन्ट इण्डष्ट्रिज | काठमाडौं वानेश्वर- १० | |
| १८ | २५२ | ब्राईट एण्ड ब्राईटर ट्रेड सर्कल | ललितपुर लगनखेल ५/४४ | |
| १९ | २५७ | गोरख एकीकृत डेरी उद्योग | काठमाडौं बल्खु -१४ | |
| २० | २६२ | पुण्यमाता किराना स्टोर | काकरभिट्टा - ८ | |
| २१ | २६९ | प्रधान क्लियरिङ्ग सर्भिसेज | विराटनगर - २० | |
| २२ | २७४ | घर आगन सेवा प्रा.लि. | काठमाडौं बौद्ध - ६ | |
| २३ | ३३९ | श्री ओम ट्राभल्स एण्ड टुर्स प्रा.लि. | काठमाडौं ठमेल- १६/१ | |
| २४ | २७८ | झुम्का स्टोर्स | भादगाउँ सिनवारी - २ | |
| २५ | १८३ | उपेन्द्रमान श्रेष्ठ | काठमाडौं वागवजार-ख ९६४ | |

आज्ञाले,

प्रमोदकुमार कार्की

सह सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधि... गरिएपछि मात्र लागु हुनेछ।